नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## नुवाकोट

फोन नं ०१०-५६००३३
५६०३३३
फ्याक्स ०१०-५६०३३३
ईमेल:nuwakotcdo@gmail.com

प.सं.:- २०७६/०७७
च.नं.:-

मितिः- २०७७/०३/०७

**<u>म्यागङ गाउँपालिकाको आगलागी घटनाको छानविन सम्बन्धी प्रेस विज्ञप्ती</u>**

नुवाकोट जिल्लाको म्यागङ गाउँपालिकास्थित गाउँ कार्यपालिकाको कार्यालयको स्टोर शाखामा मिति २०७७।०१।०८ गते भएको आगलागीको घटनाका सम्बन्धमा यस कार्यालयमा परेका उजुरीको विषयमा छानविन गर्नका लागि यस कार्यालयको मिति २०७७।०१।१४ गतेको निर्णयानुसार जिल्ला समन्वय अधिकारीको संयोजकत्वयमा यस कार्यालयका प्रशासकीय अधिकृत र कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि सदस्य रहेको तीन सदस्यीय छानविन समिति गठन गरिएकोमा उक्त समितिले मिति २०७७।०२।२१ गते यस कार्यालयमा प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनको सार देहायबमोजिम रहेको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छः

<u>तपशीलः</u>

१. छानविन गर्ने सन्दर्भमा गाउँपालिकासँग लिखित जवाफ माग गरिएको, विद्युत शर्ट हुने कारणसम्बन्धमा विद्युत वितरण केन्द्र नुवाकोटबाट जानकारी लिइएको, उक्त कार्यालय र कोठाको स्थलगत अवलोकन गरिएको र सम्बन्धित पक्षहरुसँग छलफल गरिएको ।

२. आगलागीबाट आ.व. २०७३।७४ र २०७४।७५ को आम्दानी, खर्च, जिन्सी तथा धरौटीसँग सम्बन्धित बिल भरपाई खाता लगायतका राजश्व लेखासम्बन्धी स्रेस्ताहरु र अन्य प्रशासनिक अभिलेखहरु जलेर नष्ट भएको, आगलागीको घटनापश्चात स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय व्यक्तिको उपस्थितिमा भएको प्रहरी मुचुल्काबमोजिम करिव १४ लाख बराबरको क्षति भएको ।

३. नष्ट भएका कागजातहरुको अन्तिम लेखापरीक्षण भइसकेको र कागजात नहुँदा बेरुजु फछ्र्यौटमा समस्या उत्पन्न भएको, आवश्यक कागजात जुटाई बेरुजु फछ्र्यौट गर्ने भनी कार्यालयबाट प्रतिवद्धता व्यक्त भएको, कागजात नष्ट गर्नु कसैको पनि मनसाय नरहेको भनी गाउँपालिकाको कार्यालयबाट लिखित जानकारी प्राप्त भएको ।

४. आगलागीका समयमा स्टोर शाखा रहेको कोठा बन्द रहेको, कुनै बाहिरी मान्छे कोठामा प्रवेश गरेको नदेखिएको र बन्द भएको कोठामा बाहिरबाट आगो भित्र पुग्न सक्ने अन्य स्रोत पुष्टि हुन नसकेकोले आगलागी कोठाभित्रैबाट उत्पन्न भएको भनी मान्नु तर्कपूर्ण हुने ।

५. गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार उक्त कोठामा ह्याण्ड स्यानिटाइजर लगायतका स्वास्थ्य सामग्री समेत रहेको र उक्त स्यानिटाइजरका कारण आगलागीबाट बढी क्षति हुन पुगेको सम्भावना देखिएको ।

६. नियोजितरुपमा आगलागी गराइएको हो भन्ने तथ्य पत्ता लगाउन नसकिएकोले प्रमाण मेटाउन कोहि कसैको मनसाय थियो भन्ने ठहर गर्न नसकिएको ।

२०७७/०३/०७

(बद्रीनाथ गैह्रे)
सहायक प्रमुख जिल्ला अधिकारी